नेपाल सरकार

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय

**खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग**

बबरमहल, काठमाडौं

## निरीक्षण अनुगमन गरी खाद्य उद्योग रोक्का एवं खाद्य पदार्थ नष्ट सम्बन्धी विवरण

यस विभाग अन्तर्गत खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, धनगढीबाट मिति २०८३/०३/०८ गते कञ्चनपुर जिल्लाका खाद्य उद्योग तथा व्यवसायहरूको स्थलगत अनुगमन निरीक्षण गरी खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम तपसिल उल्लेख भए अनुसार आवश्यक कारवाही गरिएको व्यहोरा जानकारीका लागि यो विवरण प्रकाशित गरिन्छ।

| क्र.स. | खाद्य व्यवसायको नाम | अनुगमन गर्दाको अवस्था | निर्देशन/कैफियत/कारवाही |
|---|---|---|---|
| १ | सितल ग्रुप, दोधरा चाँदनी—९, कञ्चनपुर | • पिउँने पानीका लागी पुरानो कुच्चिएको जार प्रयोग गरेको पाइएको। | • उत्पादन स्थलको सरसफाइ गर्न निर्देशन दिएको<br>• उत्पादकले पूरा गर्नुपर्ने दायित्व पुरा गर्न निर्देशन दिएको। |
| 2 | लक्की जुस एण्ड खड्का वेभरेज इन्डस्ट्रिज , -दोधरा चाँदनी८ , कञ्चनपुर। | • अनुमतिपत्र नलिई फ्लेभर्ड ड्रिङ्क्स (Flavored Drink) प्लास्टिकको पाउचमा उत्पादन गरेको। | • अनुमतिपत्रको प्रकृयामा तुरुन्त जान निर्देशन दिएको<br>• उद्योगलाइ शिलबन्दी गरी तत्काल उत्पादन गर्न रोक लगाईएको<br>• पचास (५०) मिलिलिटरका ४,३०० प्याकेट (रू २१,५०० मूल्य बराबरको) फ्लेभर्ड ड्रिंक नष्ट गरियो। |
| ३. | कल्पना बेकरी उद्योग, दोधरा चाँदनी—८, कञ्चनपुर | • खाद्य स्वच्छता तथा सरसफाइ कायम नगरेको<br>पत्रिकामा केक तयार गर्ने गरेको। | • बाह्र (१२) किलोग्राम पत्रिकामा तयार पारेको केक नष्ट गरेको।<br>• उत्पादन स्थलको सरसफाइ गर्न निर्देशन दिएको।<br>• उत्पादकले पूरा गर्नुपर्ने दायित्व पुरा गर्न निर्देशन दिएको। |

| | | | |
|---|---|---|---|
| ४. | तिलक फुड्स, भीमदत्त–१२, कञ्चनपुर | • अनुमतिपत्र नलिई फ्लेभर्ड ड्रिङ्क्स (Flavored Drink) प्लास्टिकको पाउचमा उत्पादन गरेको। | • उद्योगलाइ शिलबन्दी गरी तत्काल उत्पादन गर्न रोक लगाईएको<br>• अनुमतिपत्रको प्रकृयामा तुरुन्त जान निर्देशन दिएको<br>• पचास (५०) मिलिलिटरका ७,५०० प्याकेट (रू ३७,५०० मूल्य बराबरको) फ्लेभर्ड ड्रिक नष्ट गरियो। |

डा. बाल कुमारी शर्मा
वरिष्ठ खाद्य अनुसन्धान अधिकृत
२०८३/०३/०९

## <u>अनुगमनका केहि झलकहरु</u>






